शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०    संख्याः ५    २०८३ जेष्ठ २९

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# शिवालय गाउँपालिकाको उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिका बैठकबाट स्वीकृत मिति २०८३।०२।२७

**प्रस्तावनाः**

शिवालय गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेन्दार, आर्थिक रूपमा विपन्न, दलित, जनजाति, महिला, अपाङ्गता भएका तथा सामाजिक रूपमा पछाडि पारिएका वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच सुनिश्चित तथा अभिवृद्धि गरी शैक्षिक अवसरमा समानता कायम गर्न, उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई

प्रोत्साहन गर्न तथा मानव संसाधन विकासमा टेवा पुऱ्याउन आवश्यक भएकोले, नेपालको संविधानको अनुसूची—९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) तथा दफा १०२ को उपदफा (२), र शिवालय गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शिवालय गाउँ कार्यपालिकाले यो उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ जारी गरेको छ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः,

(क) "**गाउँपालिका**" भन्नाले शिवालय गाउँपालिका बुझ्नुपर्छ।

(ख) "**कार्यपालिका**" भन्नाले शिवालय गाउँ कार्यपालिका बुझ्नुपर्छ।

(ग) "**समिति**" भन्नाले दफा ९ बमोजिम गठन भएको छात्रवृत्ति छनोट समिति बुझ्नुपर्छ।

(घ) "**शाखा**" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा बुझ्नुपर्छ।

(ङ) "**छात्रवृत्ति**" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने एकमुष्ट शैक्षिक सहायता रकम बुझ्नुपर्छ।

(च) "**विद्यार्थी**" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गरिरहेको वा अध्ययनका लागि भर्ना भएको विद्यार्थी बुझ्नुपर्छ।

(छ) "**मान्यता प्राप्त शिक्षण संस्था**" भन्नाले नेपाल सरकार वा प्रचलित कानून बमोजिम सम्बन्धित नियामक निकायबाट स्वीकृति प्राप्त शिक्षण संस्था बुझ्नुपर्छ।

(ज) "**उच्चशिक्षा**" भन्नाले माध्यमिक शिक्षा वा सो सरहको तह उत्तीर्ण गरेपछि अध्ययन गरिने प्राविधिक, व्यावसायिक, स्नातक, स्नातकोत्तर वा सो सरहका शैक्षिक कार्यक्रमलाई बुझ्नुपर्छ।

(झ)**"प्राविधिक विषय"**भन्नाले इन्जिनियरिङ, स्वास्थ्य विज्ञान, कृषि तथा पशु विज्ञान, सूचना तथा सञ्चार प्रविधि, तथा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद् (CTEVT) वा सम्बन्धित विश्वविद्यालय/निकायबाट मान्यता प्राप्त रोजगारमुखी प्राविधिक तथा सीपमूलक अध्ययन कार्यक्रमहरू सम्झनु पर्छ।

(ञ) **"गैर प्राविधिक विषय"** भन्नाले मानविकी, सामाजिक शास्त्र, शिक्षा शास्त्र, व्यवस्थापन, वाणिज्य, कानून तथा अन्य सामान्य शैक्षिक विषयहरू, जुन प्राविधिक तथा व्यावसायिक प्रकृतिका नभई सैद्धान्तिक तथा सामान्य शैक्षिक अध्ययनसँग सम्बन्धित हुन्छन्, सम्झनु पर्छ ।

## परिच्छेद—२

## छात्रवृत्ति सम्बन्धी व्यवस्था

**३. छात्रवृत्तिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः,

(क) उच्च शिक्षामा सबै वर्ग तथा समुदायको पहुँच अभिवृद्धि गर्नु ।

(ख) आर्थिक रूपमा विपन्न तथा शैक्षिक रूपमा जेहेन्दार विद्यार्थीहरूलाई प्रोत्साहन तथा सहयोग प्रदान गर्नु ।

(ग) समावेशी, समान अवसरयुक्त तथा न्यायोचित शैक्षिक वातावरणको प्रवर्द्धन गर्नु ।

(घ) उच्च शिक्षामा विद्यार्थीहरूको निरन्तरता, नियमितता तथा शैक्षिक स्थायित्व कायम राख्न सहयोग पुऱ्याउनु ।

**४. छात्रवृत्तिको प्रकारः** (१) छात्रवृत्ति देहाय बमोजिमका प्रकारमा प्रदान गरिनेछः

(क) प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्ति।

(ख) गैर–प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्ति।

(२) यस दफाको प्रयोजनका लागि "प्राविधिक विषय" र "गैर प्राविधिक विषय" को अर्थ यस कार्यविधिको परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

**५. छात्रवृत्ति संख्या तथा रकमः** (१) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको संख्या तथा प्रति विद्यार्थी प्रदान गरिने छात्रवृत्ति रकम वार्षिक स्वीकृत बजेट तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(२) छात्रवृत्ति रकम एकमुष्ट रूपमा उपलब्ध गराइनेछ।

**६. छात्रवृत्तिका लागि योग्यताः** छात्रवृत्ति प्राप्त गर्नका लागि देहायका योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) नेपाली नागरिक भएको हुनुपर्ने।

(ख) शिवालय गाउँपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्ने।

(ग) मान्यता प्राप्त शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत वा अध्ययनका लागि भर्ना भइसकेको हुनुपर्ने।

(घ) अन्य कुनै सरकारी वा गैरसरकारी निकायबाट पूर्ण छात्रवृत्ति प्राप्त नगरेको हुनुपर्ने।

**७. प्राथमिकता प्राप्त समूहः** छात्रवृत्ति वितरण गर्दा देहायका विद्यार्थीहरूलाई प्राथमिकता दिइनेछः

(क) आर्थिक रूपमा विपन्न विद्यार्थीहरू।

(ख) दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरू।

(ग) महिला विद्यार्थीहरू।

(घ) शिवालय गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा वा माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरू।

(ङ) जेहेन्दार विद्यार्थीहरू।

## परिच्छेद—३

## आवेदन, छनोट तथा स्वीकृति सम्बन्धी व्यवस्था

**८. सूचना प्रकाशनः** (१) छात्रवृत्तिका लागि आवेदन आह्वान गर्न गाउँपालिकाले अनुसूची—१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उक्त सूचना कम्तीमा सात (७) दिनको अवधि रहने गरी प्रकाशन गरिनेछ।

(३) सूचना प्रकाशन गर्दा आवेदन पेश गर्ने अन्तिम मिति, आवश्यक योग्यता, कागजातहरू तथा छनोट प्रक्रियासम्बन्धी विवरण स्पष्ट रूपमा उल्लेख गरिनेछ।

**९. छात्रवृत्ति छनोट समितिः** छात्रवृत्ति छनोटका लागि देहाय बमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको एक जना शिक्षाविद् -सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) समितिको कार्यविधि तथा बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गर्न सक्नेछ।

**१०. निवेदन पेश गर्नुपर्नेः** (१) छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीले गाउँपालिकाले तोकेको ढाँचामा अनुसूची—२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ।

(२) निवेदनसँग देहाय बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः‘

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) स्थायी बसोबास प्रमाणित गर्ने कागजात

(ग) अध्ययनरत वा भर्ना भएको शैक्षिक संस्थाको प्रमाणपत्र

(घ) अघिल्लो तहको शैक्षिक प्रमाणपत्र

(ङ) आर्थिक अवस्था खुल्ने सिफारिस पत्र वा आवश्यक अन्य प्रमाण

(च) अन्य कुनै छात्रवृत्ति प्राप्त नगरेको स्वघोषणा पत्र

**११. मूल्याङ्कन तथा छनोटः** (१) प्राप्त निवेदनहरूको मूल्याङ्कन समितिले अनुसूची—३ बमोजिम निर्धारण गरिएको आधार तथा मापदण्ड अनुसार गर्नेछ।

(२) समितिले प्राप्त अंक तथा मापदण्डको आधारमा योग्य विद्यार्थीहरूको प्राथमिकता सूची तयार गर्नेछ।

(३) समान अंक प्राप्त भएको अवस्थामा आर्थिक रूपमा कमजोर विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

(४) उक्त आधारबाट समेत प्राथमिकता निर्धारण हुन नसकेमा समितिले आवश्यक कारणसहित अन्तिम निर्णय गर्नेछ।

**१२. स्वीकृति तथा प्रकाशनः** १) समितिबाट सिफारिस भएका विद्यार्थीहरूको नामावली गाउँ कार्यपालिकाबाट स्वीकृत गरिनेछ।

(२) स्वीकृत नामावली अनुसूची—४ बमोजिम सार्वजनिक रूपमा प्रकाशन गरिनेछ।

(३) स्वीकृत नामावली सम्बन्धित सूचना पाटी तथा गाउँपालिकाको आधिकारिक माध्यमबाट समेत सार्वजनिक गरिनेछ।

## परिच्छेद—४
## छात्रवृत्ति वितरण, अनुगमन तथा अभिलेख सम्बन्धी व्यवस्था

**१३. छात्रवृत्ति वितरणः** (१) यस कार्यविधि बमोजिम स्वीकृत लाभग्राही विद्यार्थीहरूलाई छात्रवृत्ति रकम एकमुष्ट रूपमा उपलब्ध गराइनेछ।

(२) छात्रवृत्ति रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा बैंकिङ प्रणालीमार्फत भुक्तानी गरिनेछ।

(३) लाभग्राही विद्यार्थीले आफ्नो नाममा बैंक खाता सञ्चालन गरेको हुनुपर्नेछ।

(४) छात्रवृत्ति वितरण कार्य पारदर्शी, जवाफदेही तथा समयमै सम्पन्न गरिनेछ।

**१४. अनुगमनः** (१) सम्बन्धित शाखाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको अध्ययन अवस्था तथा छात्रवृत्तिको उपयोग सम्बन्धमा आवश्यकतानुसार अनुगमन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा आवश्यक देखिएमा सम्बन्धित शैक्षिक संस्था वा विद्यार्थीसँग विवरण तथा कागजात माग गर्न सकिनेछ।

(३) अनुगमन प्रतिवेदन शाखाले गाउँ कार्यपालिकामा पेश गर्न सक्नेछ।

**१५. अभिलेख व्यवस्थापनः** (१) सम्बन्धित शाखाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको अद्यावधिक तथा व्यवस्थित अभिलेख राख्नुपर्नेछ।

(२) उक्त अभिलेखमा कम्तीमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछः'

(क) विद्यार्थीको नाम, थर र ठेगाना

(ख) अध्ययनरत शिक्षण संस्था तथा अध्ययन विषय

(ग) प्राप्त छात्रवृत्ति रकम

(घ) छात्रवृत्ति प्राप्त गरेको आर्थिक वर्ष

(ङ) बैंक खाता विवरण

(च) अन्य आवश्यक विवरणहरू

(३) यस प्रयोजनका लागि अभिलेख अनुसूची—५ बमोजिमको ढाँचामा राखिनेछ।

(४) अभिलेख सुरक्षित, अद्यावधिक तथा आवश्यकता अनुसार सहज रूपमा उपलब्ध हुने गरी व्यवस्थित गरिनेछ।

## परिच्छेद—५

## विविध

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा, अड्काउ वा अस्पष्टता उत्पन्न भएमा सोको निराकरणका लागि गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा वा अड्काउ फुकाउन सक्नेछ।

**१७. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन वा हेरफेर गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

**१८. खारेजी र बचाउः** (१) यो कार्यविधि प्रारम्भ हुनुअघि छात्रवृत्ति वितरण सम्बन्धमा प्रचलित रहेका व्यवस्था, निर्णय वा कार्यविधिहरू

यस कार्यविधिसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ।

(२) यस कार्यविधि प्रारम्भ हुनुअघि यस सम्बन्धमा भएका सम्पूर्ण काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएका व्यवस्था अन्तर्गत भए गरेका कुनै पनि कार्यहरू यस कार्यविधि बमोजिम वैध मानिनेछ।

## अनुसूची—१

*(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)*

## छात्रवृत्ति आवेदन आह्वान सम्बन्धी सूचना

**शिवालय गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

शिवालय, जाजरकोट

**<u>सूचना !</u>**

शिवालय गाउँपालिकाको उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम आर्थिक वर्ष .......... का लागि उच्च शिक्षा अध्ययनरत योग्य विद्यार्थीहरूबाट छात्रवृत्तिका लागि आवेदन आह्वान गरिन्छ।

आवेदन पेश गर्न इच्छुक विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र अनुसूची—२ बमोजिमको निवेदन तथा आवश्यक कागजातहरू सहित शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नुपर्नेछ।

**<u>पेश गर्नुपर्ने कागजातहरू</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी बसोबास खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३. हाल अध्ययनरत शिक्षण संस्थाको भर्ना प्रमाणपत्र वा सिफारिस पत्र।

४. पछिल्लो शैक्षिक योग्यताको लब्धाङ्कपत्र (Transcript) को प्रतिलिपि।

५. विपन्नता, अपाङ्गता, दलित, जनजाति वा अन्य प्राथमिकता समूह खुल्ने प्रमाणपत्र (लागू हुने अवस्थामा)।

६. बैंक खाता विवरण (खाता नम्बर सहित)।

म्याद नाघी प्राप्त भएका वा अपूर्ण कागजात सहितका आवेदन उपर कुनै कारबाही गरिने छैन।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची–२

*(दफा १० को उपदफा (१) सँग सम्बन्धित)*

## छात्रवृत्तिका लागि निवेदन

मिति:

श्री छात्रवृत्ति छनोट समिति,
शिवालय गाउँपालिका, जाजरकोट।

**विषयः छात्रवृत्ति उपलब्ध गराइदिनुहुन।**

म देहाय बमोजिमको विवरण भएको विद्यार्थी भएकोले शिवालय गाउँपालिकाको उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम छात्रवृत्ति प्राप्त गर्न यो निवेदन पेश गरेको छु।

### १. व्यक्तिगत विवरण

- नाम, थरः ...................................................
- लिङ्गः ...................................................
- जन्म मितिः ...................................................
- नागरिकता नं.ः ...................................................
- स्थायी ठेगानाः वडा नं. .........., शिवालय गाउँपालिका, जाजरकोट
- सम्पर्क नं.ः ...................................................

### २. शैक्षिक विवरण

- अध्ययनरत शिक्षण संस्थाः ..................................................
- अध्ययनरत तहः ..................................................
- अध्ययनरत विषयः ..................................................
- भर्ना मितिः ..................................................

## ३. शैक्षिक योग्यता

- पछिल्लो उत्तीर्ण तहः ..................................................
- GPA/प्रतिशतः ..................................................

## ४. बैंक विवरण

- बैंकको नामः ..................................................
- शाखाः ..................................................
- खाता नं.ः ..................................................

## ५. संलग्न कागजातहरू

□ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

□ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

□ भर्ना प्रमाणपत्र

□ लब्धाङ्कपत्र (Transcript) को प्रतिलिपि

□ प्राथमिकता समूह खुल्ने प्रमाणपत्र (लागू भएमा)

□ बैंक खाता विवरण

म यस निवेदनमा उल्लेखित सम्पूर्ण विवरण तथा पेश गरेका कागजातहरू सत्य, सही तथा पूर्ण रहेको घोषणा गर्दछु।

**निवेदकको**

दस्तखतः ..................................

नामः ..................................

मितिः ..................................

## अनुसूची–३

*(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)*

## छात्रवृत्ति मूल्याङ्कन फाराम

आवेदकको नामः ..............................................

### १. मूल्याङ्कन तालिका

| **क्र.सं.** | **मूल्याङ्कन आधार** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता (GPA/प्रतिशतका आधारमा) | ४० | |
| २ | आर्थिक अवस्था (वडा कार्यालयको सिफारिसका आधारमा) | ३० | |
| ३ | समावेशी अवस्था | २० | |
| ४ | स्थानीयता (वडा सिफारिस तथा नागरिकता/बसाइसराइ प्रमाणका आधारमा) | १० | |
| | **जम्मा** | १०० | |

### २. शैक्षिक योग्यता (GPA/प्रतिशत अनुसार अंक विभाजन)

शैक्षिक योग्यताको मूल्याङ्कन देहाय बमोजिम गरिनेछः‘

(क) GPA ३.६देखि ४.०वा ९०%र माथि = ४०अंक

(ख) GPA ३.२देखि ३.५९वा ८०%–८९% = ३५अंक

(ग) GPA २.८देखि ३.१९वा ७०%–७९% = ३० अंक

(घ) GPA २.४देखि २.७९वा ६०%–६९% = २५अंक

(ङ) GPA २.०देखि २.३९वा ५०%–५९% = २०अंक

(च) ५०% भन्दा कम वा GPA २.०भन्दा कम = १०अंक

## ३. समावेशी अवस्थाको विवरण (अंक प्रदान गर्ने आधार)

समावेशी अवस्थाअन्तर्गत देहायका समूहमा पर्ने आवेदकलाई अंक प्रदान गरिनेछः‘

(क) दलित समुदाय = २०अंक

(ख) आदिवासी/जनजाति = २०अंक

(ग) अपाङ्गता भएका व्यक्ति = २०अंक

(घ) महिला = १५अंक

(ङ) अन्य लक्षित तथा पछाडि परेका वर्ग = १०अंक

*(एकभन्दा बढी समूह लागू भएमा उच्चतम एक मात्र समूहको अंक प्रदान गरिनेछ।)*

## ४. आर्थिक अवस्था सम्बन्धी आधार

(क) आर्थिक अवस्था मूल्याङ्कनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ।

(ख) सिफारिसमा उल्लेखित आर्थिक अवस्थाको आधारमा मात्र अंक प्रदान गरिनेछ।

## ५. स्थानीयताको आधार

(क) सम्बन्धित वडाको सिफारिस पत्र अनिवार्य हुनेछ।

(ख) स्थायी बसोबास प्रमाणित गर्न नागरिकताको प्रमाणपत्र वा बसाइसराइ (Migration) प्रमाणपत्रको आधार लिइनेछ।

(ग) शिवालय गाउँपालिका भित्र स्थायी बासिन्दा भएको प्रमाणित भएमा मात्र पूर्ण अंक प्रदान गरिनेछ।

## ६. मूल्याङ्कनकर्ताको टिप्पणी

.....................................................................
.....................................................................
.....................................................................

मूल्याङ्कनकर्ताको नामः ..........................................

पदः ..........................................

दस्तखतः ..........................................

मितिः ..........................................

## अनुसूची–४

*(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)*

**छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीहरूको नामावली प्रकाशन**

**शिवालय गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

शिवालय, जाजरकोट

**सूचना!**

शिवालय गाउँपालिकाको उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम आर्थिक वर्ष .......... का लागि देहायका विद्यार्थीहरू छात्रवृत्ति प्राप्त गर्न छनोट भएको जानकारी गराइन्छ।

**नामावली विवरण**

| क्र.सं. | नाम, थर | वडा नं. | अध्ययनरत संस्था | विषय | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

.................................

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

## अनुसूची–५

*(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)*

**छात्रवृत्ति अभिलेख दर्ता पुस्तिका**

| क्र.सं. | विद्यार्थीको नाम, थर | ठेगाना | शिक्षण संस्था | विषय | आर्थिक वर्ष | प्राप्त रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

**अभिलेख राख्ने शाखाः**

शिक्षा, युवा तथा खेलकुद शाखा

**आज्ञाले,**

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत